# राजबिराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## राजविराज, सप्तरी, २ नं. प्रदेश, नेपाल

प.सं. ०७५।७६
च.नं. :

मिती :- २०७६।०२।२८

विषय :- **शुलभ शौचालय खुला डाक बढाबढको सूचना ।**

**पहिलो पटक प्रकाशित मिति :- २०७६।०२।२८**

**सूचना** **सूचना** **सूचना**

यस न.पा. अधिनस्तका देहायका शौचालयहरु मिति २०७६ श्रावण १ गते देखी २०७७ असाढ मसान्त वर्ष १ का लागी ठेक्का बन्दोवस्त गर्नका लागि खुला डाक बढाबढ गर्नु पर्ने भएकोले सर्व साधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । २०७६।०३।२३ गते १ बजे इच्छुक महानुभावहरुले तपसिलको शर्त परिधि विच रही डाक बढाबढमा भाग लिन आउनु होला । बढीवालाको डाक स्वीकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकामा सुरक्षित रहने छ ।

**ठेक्काका शर्तहरु**

१. डाक बढाबढ मिति २०७६।०३।२३ गते दिउसो १:०० बजे देखी ५:०० बजे सम्म यस नगरपालिकामा हुने छ ।
२. डाक बोल्ने व्यक्ति वा फर्मले डाक बोल्नासाथ आफुले साकार गरेको अंकको नेपाली नागरिक ५% तुरुन्त धरौटी राख्नु पर्ने छ । डाक बढाबढ गर्दा न्युनतम रकम भन्दा कम रकम बोलेमा मान्य हुने छैन ।
३. एक महिना बरावरको किस्ता अग्रीम धरौटी राख्नु पर्ने छ । ठेक अंक बराबरको बैंक ग्यारण्टी वा जेथा जमानी राख्नु पर्ने छ । जेथा जमानी राख्ने भएमा नगरपालिका क्षेत्र भित्रको मात्र राख्नु पर्ने छ ।
४. शौचालयमा प्रति व्यक्ति दिसा गर्ने संग रु ३। र पिसाव गर्ने संग रु १। का दरले दस्तुर लिन पाइने छ ।
५. प्रत्येक महिनाको किस्ता महिना भुक्तान भएको भोली पल्ट दाखिल गर्नु पर्ने छ ।
६. दिशा, पिसाव गर्नेहरुलाई हात धुन सावुन वा सोडाको प्रबन्ध अनिवार्य रुपले ठेकेदारले आफ्नै खर्चमा गर्नु पर्ने छ ।
७. शौचालय सफा सुधर राख्नु पर्ने दायित्व ठेकेदारको हुने छ । सफा सुधर नपाइएमा ठेक्का तोडी अग्रीम किस्ता जफत गरिने छ ।
८. खाने पानी एवं विजुलीको व्यवस्था ठेकेदार स्वयलें गर्नु पर्ने छ ।
९. यस न.पा.का. जनप्रतिनिधिज्युहरु, कर्मचारीहरु, न.पा.ले गरेको सभा/बैठक आयोजनामा आएका आमन्त्रित व्यक्तिहरु र न.पा.ले दस्तुर नलिनु भनि तोकेको व्यक्तिहरुले शौचालयको प्रयोग गरेमा कुनै किसिमको दस्तुर लिन पाइने छैन ।
१०. अन्य शर्त ठेक्का नियमावली र न.पा. ले तोके बमोजिम हुने छ ।
११. प्रत्येक शौचालयको छुट्टा छुट्टै डाक बढाबढ हुने छ । एकै परिवारका सदस्यले सबै शौचालय ठेक्का लिन पाइने छैन।
१२. शौचालय वरिपरी दिसा पिसाव गर्ने व्यक्तिलाई रु १००। रसिद काटि जरिवाना लाग्ने छ । सो को ५०% न.पा. मा सिधै दाखिला गर्नु पर्ने छ ।

| क्र.सं. | शौचालय विवरण | न्युनतम ठेक रकम रु | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ७ पुरानो माछा हाटमा रहेको शुलभ शौचालय | २,७६,७६०।- | |
| २ | वडा नं.७ न.पा. कार्यालय दक्षिण पट्टी रहेको शुलभ शौचालय, रुपनी रोडमा रहेको शुलभ शौचालय, साकेत पार्क अगाडी रहेको शुलभ शौचालय | ५९,४००।- | |

.......................................